# एकाइ आठ

## संविधान र नागरिक सचेतना

## Constitution And Civic Awareness

### अति छोटो उत्तर आउने प्रश्न:

१. संविधानको परिभाषा लेख्नुहोस्।

⇒ संविधान राष्ट्रको मूल कानुन हो। यसलाई संविधान सभा वा कुनै यस्तै प्रक्रियाबाट निर्माण गरिन्छ

२. नेपालमा राष्ट्रपतिका काम, कर्तव्य र अधिकार क्षेत्र लेख्नुहोस्।

⇒ नेपालमा राष्ट्रपतिका प्रमुख कर्तव्य संविधानको पालना तथा संरक्षण गर्नु हो भने प्रधानमन्त्री नियुक्तिको अधिकार पनि राष्ट्रपतिकै हातमा हुन्छ।

३. प्रधानमन्त्रीले आफू नियुक्त भएको कति दिन भित्र विश्वासको मत पाउनु पर्ने व्यवस्था छ?

⇒ प्रधानमन्त्रीले आफू नियुक्त भएको ३० दिनभित्र प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्नु पर्ने व्यवस्था छ।

## सङ्घीय सरकारको निर्माण प्रक्रियाका ३ आधार:

| मुख्य आधार | प्रक्रिया |
| --- | --- |
| एकल बहुमतको आधारमा | प्रतिनिधि सभामा निर्वाचित भएर आएका सदस्यमध्ये :- जुन दलका सदस्यहरू बहुमतको सङ्ख्यामा रहेका छन्; त्यही दलले सरकार गठन गर्न पाउँछ। |
| संयुक्त आधारमा | यदि कुनै एउटा दलका सदस्यहरू बहुमतको सङ्ख्यामा रहेनछन् भने :- संयुक्त सरकार गठन गरिन्छ। यसका लागि दुई वा त्योभन्दा बढी दलका निर्वाचित सदस्यहरू मिलेर बहुमत पुर्‍याउनु पर्छ। |
| अल्पमतको आधारमा | यदि फरक दलका सदस्यहरू एक आपसमा मिलेर सरकार गठन गर्न तयार भएनन् भने :- अल्पमतको सरकार गठन गरिन्छ। यसका लागि प्रतिनिधि सभामा जुन दलको सदस्य सङ्ख्या बढी छन्; त्यही दललाई सरकार गठन गर्ने मौका दिइन्छ। |

- माथिका ३ ओटा विकल्पमध्ये कुनै एक तरिकाबाट सङ्घीय सरकार गठन गरिन्छ।
- सरकार गठनका लागि तयार भएका सदस्यमध्येबाट एकजना व्यक्तिलाई नेता चुनिन्छ।
- राष्ट्रपतिद्वारा तिनै नेतालाई प्रधानमन्त्रीमा नियुक्त गरिन्छ।
- अन्य मन्त्रीहरू प्रधानमन्त्रीको सिफारिसमा नियुक्त हुने छन्।

माथिका कुनै पनि तरिकाले नियुक्त भएको प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्नुपर्नेछ।

प्रादेशिक सरकार गठन गर्ने ३ आधारहरू सङ्घीय सरकारसँग मेल खान्छ। जस्तै:

| मुख्य आधार | प्रक्रिया |
|---|---|
| एकल बहुमतको आधारमा | प्रदेश सभामा निर्वाचित भएर आएका सदस्यमध्ये:- जुन दलका सदस्यहरू बहुमतको सङ्ख्यामा रहेका छन्, त्यही दलले सरकार गठन गर्न पाउँछ। |
| संयुक्त आधारमा | यदि कुनै पनि एउटा दलका सदस्यहरू बहुमतको सङ्ख्यामा रहेनछन् भने:- संयुक्त सरकार गठन गरिन्छ। यसका लागि दुई वा त्योभन्दा बढी दलका निर्वाचित सदस्यहरू मिलेर बहुमत पुर्‍याउनु पर्छ। |
| अल्पमतको आधारमा | यदि फरक दलका सदस्यहरू एक आपसमा मिलेर सरकार गठन गर्न तयार भएनन् भने:- अल्पमतको सरकार गठन गरिन्छ। यसका लागि प्रदेश सभामा जुन दलका सदस्य सङ्ख्या बढी छन्, त्यही दललाई सरकार गठन गर्ने मौका दिइन्छ। |

- माथिका ३ ओटा विकल्पमध्ये कुनै एक तरिकाबाट प्रदेश सरकार गठन गरिन्छ।
- सरकार गठनका लागि तयार भएका सदस्यमध्येबाट एकजना व्यक्तिलाई नेता चुनिन्छ।
- प्रदेशप्रमुखद्वारा तिनै नेतालाई मुख्यमन्त्रीमा नियुक्त गरिन्छ।
- अन्य मन्त्रीहरू मुख्यमन्त्रीको सिफारिसमा नियुक्त हुने छन्।

माथिका कुनै पनि तरिकाले नियुक्त भएको मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्ने छ।

## स्थानीय सरकारको गठन प्रक्रिया

गाउँपालिका तथा नगरपालिकालाई स्थानीय तह भनिन्छ। स्थानीय तहमा पनि कार्यपालिका गठन गरिन्छ, जसलाई स्थानीय सरकार भनिन्छ। गाउँ तथा नगरपालिकामा स्थानीय सरकार (कार्यपालिका) गठनको प्रक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ:

मानौं यो गाउँपालिका तथा नगरपालिकामा वडाको सङ्ख्या ९ रहेको छ :-

| गाउँ कार्यपालिकाको गठन | |
|---|---|
| गाउँपालिका अध्यक्ष | १ |
| गाउँपालिका उपाध्यक्ष | १ |
| प्रत्येक वडाका अध्यक्ष | ९x१ = ९ |
| सबै वडाका निर्वाचित सदस्यमध्येबाट: ४ जना महिला र २ जना दलित तथा अल्पसङ्ख्यक सदस्य निर्वाचित हुने छन्। (सोही गाउँ सभाले यी सदस्यहरू निर्वाचित गर्ने छ।) | ६ |
| यस गाउँ कार्यपालिकाको कुल सङ्ख्या | १७ जना |

## न्यायिक समिति :

प्रत्येक गाउँपालिकामा १ न्यायिक समिति रहने छ। यसका न्यायिक समितिमा : गाउँपालिकाका उपाध्यक्ष तथा निर्वाचित सदस्यबाट २ गरी जम्मा ३ सदस्यीय न्यायिक समिति गठन गरिने छ। यसले स्थानीय क्षेत्रको विवाद समाधान गर्न भूमिका खेल्ने छ।

# नगर कार्यपालिकाको गठन

| | |
|---|---|
| नगर प्रमुख | १ |
| नगर उपप्रमुख | १ |
| प्रत्येक वडाका अध्यक्ष | ५x१=५ |
| सबै वडाका निर्वाचित सदस्यमध्ये बाट: ५ जना महिला र ३ जना दलित तथा अल्पसङ्ख्यक सदस्य निर्वाचित हुने छन्। (यही नगर सभाले यी सदस्यहरु निर्वाचित गर्ने छ।) | ८ |
| यस नगर कार्यपालिकाको कुल सङ्ख्या | १५ जना |
| **न्यायिक समिति:** प्रत्येक नगरपालिकामा १ न्यायिक समिति रहने छ। यस न्यायिक समितिमा: नगरपालिकाका उपाध्यक्ष तथा निर्वाचित सदस्यबाट २ गरी जम्मा ३ सदस्यीय न्यायिक समिति गठन गरिने छ। यसले स्थानीय क्षेत्रको विवाद समाधान गर्ने भूमिका खेल्ने छ। | |

## अति छोटो उत्तर आउने प्रश्न :

१. सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार के के हुन् ?

⇒ सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार, सामाजिक सुरक्षा र गरिबी निवारण गर्ने, सवारी साधनको अनुमति दिने आदि हुन्।

२. स्थानीय सरकारलाई परिभाषित गर्नुहोस्।

⇒ स्थानीय सरकार भनेको गाउँपालिका तथा नगरपालिका-मा रहेका कार्यपालिका हुन्।

३. नेपालको कार्यकारिणी अधिकार कुन तहको सरकारमा रहेको हुन्छ ?

⇒ नेपालको कार्यकारिणी अधिकार सङ्घीय तहको सरकारमा रहेको हुन्छ।

GURUMA

छोटो उत्तर आउने प्रश्न :

१. सङ्घीय सरकारको काम, कर्तव्य र अधिकार लेख्नुहोस्।

⇒ सङ्घीय सरकारको काम, कर्तव्य र अधिकार तल उल्लेख गरिएको छ :

(क) राष्ट्रलाई आवश्यकता परेको खण्डमा सेना परिचालन गर्ने,
(ख) केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय गुप्तचर तथा अनुसन्धान-सम्बन्धी कार्य गर्ने,
(ग) अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा सीमासम्बन्धी कार्य गर्ने,
(घ) विदेशी सहयोग, अनुदान तथा ऋणसम्बन्धी कार्य गर्ने,
(ङ) नेपाल राष्ट्र बैङ्कको परिचालन तथा मुद्रा छपाइको कार्य गर्ने आदि।

२. प्रदेश सरकारको काम, कर्तव्य तथा अधिकार केके हुन्? लेख्नुहोस्।

⇒ प्रदेश सरकारको काम, कर्तव्य तथा अधिकार तल उल्लेख गरिएको छ :

(क) जनताको जीउधन रक्षा र शान्ति सुरक्षाको लागि प्रहरी परिचालन गर्ने,
(ख) घर जग्गा, सवारी साधन, पर्यटन, कृषि, विभिन्न सेवा शुल्क, मनोरञ्जन, विज्ञापन आदि क्षेत्रबाट कर उठाउने,
(ग) कृषि, उद्योग, पर्यटन, व्यापार व्यवसाय, उद्योगधन्दा आदि क्षेत्रको विकासमा जोड दिने,
(घ) प्रदेशभित्रको सरकारी सेवा, कार्यालय, लोकसेवा आयोगसम्बन्धी कार्यलाई व्यवस्थित गर्ने,
(ङ) विद्यालय, विश्वविद्यालय, पुस्तकालय तथा सङ्ग्रहालयहरू संरक्षण तथा परिचालन गर्ने, ।

३. स्थानीय सरकारको काम, कर्तव्य तथा अधिकार उल्लेख गर्नुहोस्।

⇒ स्थानीय सरकारको काम, कर्तव्य तथा अधिकार तल उल्लेख गरिएको छ।

(क) शान्ति सुरक्षाका लागि नगर प्रहरी परिचालन गर्ने,

(ख) स्थानीय हाटबजार, वातावरण तथा जैविक विविधताको संरक्षण गर्ने,

(ग) भाषा, संस्कृति, कला, धार्मिकस्थल तथा ~~अन्य~~ अन्य सार्वजनिक सम्पदाको संरक्षण गर्ने,

(घ) कृषि उत्पादन, पशुपालन, घरेलु उद्योग आदिको विकासमा जोड दिने,

(ङ) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने।

अति छोटो उत्तर आउने प्रश्न:

१. नागरिक अधिकार भनेको के हो?
⇒ आफ्नो देशको संविधानद्वारा प्राप्त भएका हकलाई नागरिक अधिकार भनिन्छ।

छोटो उत्तर आउने प्रश्न:

१. नागरिक अधिकारको परिचय दिँदै यसलाई कति भागमा वर्गीकरण गरिएको छ, लेख्नुहोस्।
⇒ आफ्नो देशको संविधानद्वारा प्राप्त भएका हकलाई नागरिक अधिकार भनिन्छ। यसलाई निम्न चार भागमा वर्गीकरण गरिएको छ।

(क) व्यक्तिगत स्वतन्त्रताको अधिकार:
- स्वतन्त्र भई बाँच्न पाउने,
- देशभित्रका कुनै पनि ठाउँमा हिँडडुल तथा बसोबास गर्न पाउने,
- कानुन बमोजिम स्वतन्त्र भई आफ्नो विचार व्यक्त गर्न पाउने।

(ख) राजनीतिक अधिकार:
- राजनीतिक दल तथा संघ संङ्गठन खोल्न पाउने,
- बिना हतियार भेला हुन पाउने,
- आफ्नो राजनीतिक आस्था र विचारलाई व्यक्त गर्न पाउने।

(ग) आर्थिक अधिकार:
- बाबुआमाको पैतृक सम्पत्तिमा छोराछोरीको समान हक रहने,
- कानुन बमोजिम सम्पत्ति आर्जन गर्न, बचत र बेचबिखन गर्न पाउने
- कानुन बमोजिम कुनै पेसा, व्यवसाय, उद्योग, तथा रोजगार गर्न पाउने।

(घ) सामाजिक तथा सांस्कृतिक अधिकार:
- धर्ममा आस्था राख्ने व्यक्तिलाई आफ्नो धर्म मान्न पाउने,
- जाति, वर्ग, लिङ्ग, पेसा आदिको आधारमा कसैलाई भेदभाव गर्न नपाइने।

२. 'नागरिक अधिकार र कर्तव्य दुवै एकै किसिमका हुन्।' यो भनाईलाई स्पष्ट पार्नुहोस्।

→ संविधानको माध्यमबाट जनताका लागि प्रदान गरिएका हकलाई नागरिक अधिकार भनिन्छ। त्यसैगरी आफ्नो समाज तथा राष्ट्रप्रतिको जिम्मेवारीलाई नागरिक कर्तव्य भनिन्छ। अधिकारको उपभोग गर्नु र नागरिक कर्तव्य पालना गर्नु यी दुवै हाम्रो दायित्वभित्र पर्ने विषय हुन्। एउटा असल नागरिकको हैसियतले आफ्ना अधिकारको सही उपयोग गर्नु आफ्नो हक हो। जस्तै: हामी कुनै न कुनै भेदभावमा पर्न सक्छौं। हामीमाथि कसैले अन्याय गर्न सक्छ। हाम्रो विकास, प्रगति र स्वतन्त्रतामा बाधा पर्न सक्छ। त्यसैले संविधान-द्वारा प्राप्त अधिकारको उपयोग गर्न जान्नुपर्छ।

त्यसैगरी एउटा असल नागरिकको हैसियतले हामी आफ्ना कर्तव्यप्रति पनि सधैं सचेत बन्नुपर्छ। कर्तव्यले व्यक्तिलाई अनुशासित बनाउँछ। कर्तव्य पालनाको कारणबाट समाजमा भएका समस्या र विकृतिको अन्त्य हुन्छ। यस्ता कार्यले देशको चौतर्फी विकासमा सहयोग पुग्छ। हामीले आफ्ना अधिकार मात्र खोज्ने तर कर्तव्य पूरा नगर्ने हो भने समाजमा अराजकता फैलिन्छ। आफ्नो अधिकार उपयोग गर्दा अरुलाई बाधा नपुर्‍याउनु हाम्रो कर्तव्य हो। राज्यले दिएका सेवा सुविधाहरू उपभोग गर्न पाउनु आफ्नो अधिकार हो भने देश विकासमा योगदान दिनु हाम्रो कर्तव्य हो। अधिकार खोज्ने नागरिकले कर्तव्य पूरा गर्न पनि सक्नुपर्छ। त्यसैले त अधिकार र कर्तव्यलाई एउटै सिक्काका दुई पाटा भनिएको हो।

## अति छोटो उत्तर आउने प्रश्न:

१. विश्व स्वास्थ्य सङ्गठन (WHO) ले कुन उमेर समूहका व्यक्तिलाई किशोरावस्था भनी वर्गीकरण गरेको छ?

⇒ विश्व स्वास्थ्य सङ्गठनले १० देखि १९ वर्षबिचको व्यक्तिलाई किशोरावस्थाको उमेर भनी वर्गीकरण गरेको छ।

२. किशोरकिशोरीका कुनै दुई अधिकार क्षेत्र के के हुन्?

⇒ किशोरकिशोरीका दुई अधिकार क्षेत्र यस प्रकार छन्:

(क) व्यक्तिगत निर्णयको अधिकार

(ख) समानताको अधिकार

## छोटो उत्तर आउने प्रश्न:

१. किशोरावस्था भनेको के हो? यसलाई आँधी तुफानको अवस्था भनिनुका कारणहरू लेख्नुहोस्।

⇒ बाल्यवस्था पूरा गरेको तर युवा अवस्थामा प्रवेश नगरेको उमेरलाई किशोरावस्था भनिन्छ। विश्व स्वास्थ्य सङ्गठन (WHO) ले १० देखि १९ वर्षबिचको उमेरलाई किशोरावस्था भनी वर्गीकरण गरेको छ। किशोरावस्था भनेको शरीरमा ज्यादै धेरै परिवर्तन आउने उमेर हो। यसलाई आँधी तुफानको अवस्था भनिनुका कारणहरू यसप्रकार छन्।

(क) केटा र केटी दुवैको ढ्याङ बढ्नु, केटाको जुँगा दारी पलाउनु

(ख) स्वर परिवर्तन भई धोद्रो हुनु, चाहिने नचाहिने अनेक कुरामा चासो राख्नु आदि।

(ग) त्यसैगरी केटीहरूमा स्तन पलाउनु, अनुहारमा चमक आउनु,

(घ) हातखुट्टाको गोलाइ बढ्नु

(ङ) बानी व्यवहार परिवर्तन हुनु आदि।

2. किशोरकिशोरीका अधिकार उल्लेख गरी ती अधिकार प्राप्त नभएमा पर्न सक्ने असर लेख्नुहोस्।

⇒ किशोर किशोरीका अधिकार यस प्रकार छन्।

(क) व्यक्तिगत निर्णयको अधिकार
(ख) समानताको अधिकार
(ग) शोषण विरुद्धको अधिकार
(घ) शिक्षासम्बन्धी अधिकार
(ङ) कानुनी अधिकार

ती अधिकार प्राप्त नभएमा पर्न सक्ने असर तल उल्लेख गरिएको छ।

(क) किशोरकिशोरीहरु व्यक्तिगत निर्णयको अधिकारबाट वञ्चित हुने छन्।

(ख) समानताको हक हनन् हुन सक्ने छ।

(ग) शोषण विरुद्धको अधिकार हनन् हुन सक्ने छ।

(घ) शिक्षासम्बन्धी अधिकार हनन् हुन सक्ने छ।

(ङ) कानुनी अधिकार हनन् हुने छ।

अति छोटो उत्तर आउने प्रश्न:

१) मुलुकी संहिताको परिभाषा लेख्नुहोस्।

⇒ मुलुकी संहिता भनेको नेपालमा कानुनी राज्य स्थापना गर्नको लागि बनेको पहिलो विधान हो।

२) देवानी र फौजदारी मुद्दाबिचको फरक छुट्याएर लेख्नुहोस्,

⇒ घर व्यवहारबाट उत्पन्न भएका समस्यालाई देवानी मुद्दा भनिन्छ भने अपराधिक गतिविधिबाट उत्पन्न भएका समस्यालाई फौजदारी मुद्दा भनिन्छ।

छोटो उत्तर आउने प्रश्न

१) मुलुकी ऐन भनेको के हो? यसको उद्देश्य उल्लेख गर्नुहोस्।

⇒ मुलुकी ऐन भनेको नेपालमा कानुनी राज्य स्थापना गर्नको लागि बनेको पहिलो विधान हो। मुलुकी ऐनको औचित्य (उद्देश्य) तल उल्लेख गरिएको छ।

(क) सम्पूर्ण देशवासीलाई कानुनको व्यवहारिक पक्षबारे जानकारी दिनु,

(ख) मुलुकी देवानी कार्यविधि संहिताको माध्यमबाट दैनिक जीवनको व्यवहारिक पक्षबारे जानकारी गराउनु,

(ग) मुलुकी फौजदारी कार्यविधि संहिताको माध्यमबाट व्यक्तिलाई अपराधिक गतिविधि गर्दा पाइने सजायको बारेमा सचेत गराउनु,

(घ) नागरिकलाई शान्तिसुरक्षा प्रदान गरी कानुनी राज्यको स्थापना गर्नु।

राणाकालीन प्रधानमन्त्री जङ्गबहादुरले युरोपको भ्रमणबाट फर्किएपछि मुलुकी ऐन तयार गराएका हुन्।

अति छोटो उत्तर आउने प्रश्न :

१) सूचनाको हक भनेको के हो? लेख्नुहोस्
⇒ सूचनाको हक भनेको सार्वजनिक निकायले गरेका कामको विवरणबारे जानकारी राख्न पाउने अधिकार हो।

छोटो उत्तर आउने प्रश्न :

१) सूचनाको हक भनेको के हो? यसको औचित्य (महत्त्व) लेख्नुहोस्।
⇒ सूचनाको हक भनेको सार्वजनिक निकायले गरेका कार्यको विवरणबारे जानकारी राख्न पाउने अधिकार हो। यसको औचित्य (महत्त्व) तल उल्लेख गरिएको छ।

(क) नागरिकहरू अधिकार सम्पन्न र सचेत बन्दै जान्छन्।
(ख) सम्बन्धित क्षेत्रले गरेका कामहरू सिसाझैँ पारदर्शी बन्छन्।
(ग) नागरिकले प्राप्त गरेको सूचनाको हकले सम्बन्धित क्षेत्रलाई अझ जिम्मेवार र सचेत बनाउँछ।
(घ) सूचनाको हकले सम्बन्धित क्षेत्रलाई भ्रष्टाचारमुक्त बनाउँछ।
(ङ) सम्बन्धित क्षेत्रमा पदीय दायित्व लिएका व्यक्तिहरू आफ्नो कामप्रति इमान्दार बन्छन्।
(च) यसले कानुनी राज्य र सुशासनमा सहयोग पुऱ्याउँछ।

अति छोटो उत्तर आउने प्रश्न :

१) सूचनाको हक भनेको के हो? लेख्नुहोस्
⇒ सूचनाको हक भनेको सार्वजनिक निकायले गरेका कामको विवरणबारे जानकारी राख्न पाउने अधिकार हो।

छोटो उत्तर आउने प्रश्न :

१) सूचनाको हक भनेको के हो? यसको औचित्य (महत्त्व) लेख्नुहोस्।
⇒ सूचनाको हक भनेको सार्वजनिक निकायले गरेका कायको विवरणबारे जानकारी राख्न पाउने अधिकार हो। यसको औचित्य (महत्त्व) तल उल्लेख गरिएको छ।

(क) नागरिकहरू अधिकार सम्पन्न र सचेत बन्दै जान्छन्।
(ख) सम्बन्धित क्षेत्रले गरेका कामहरू सिसाझैँ पारदर्शी बन्छन्।
(ग) नागरिकले प्राप्त गरेको सूचनाको हकले सम्बन्धित क्षेत्रलाई अझ जिम्मेवार र सचेत बनाउँछ।
(घ) सूचनाको हकले सम्बन्धित क्षेत्रलाई भ्रष्टाचारमुक्त बनाउँछ।
(ङ) सम्बन्धित क्षेत्रमा पदीय दायित्व लिएका व्यक्तिहरू आफ्नो कामप्रति इमान्दार बन्छन्।
(च) यसले कानुनी राज्य र सुशासनमा सहयोग पुर्‍याउँछ।

३. सार्वजनिक निकायबाट सूचना प्राप्त गर्दा ध्यान दिनुपर्ने कुरा उल्लेख गर्नुहोस्।

⇒ सार्वजनिक निकायबाट सूचना प्राप्त गर्दा ध्यान दिनुपर्ने कुरा तल उल्लेख गरिएको छ।

(क) सूचना प्राप्त गर्न चाहने नागरिकले सम्बन्धित कार्यालयका प्रमुखलाई सम्बोधन गरी निवेदन पेश गर्नुपर्छ।

(ख) आफूलाई कुन सूचना किन चाहिएको हो? त्यसको विवरणलाई निवेदनमा स्पष्ट रूपले खुलाएको हुनुपर्छ।

(ग) सूचना प्राप्त गर्न चाहने नागरिकलाई सम्बन्धित निकायले आवश्यक सूचना उपलब्ध गराउनुपर्छ।

(घ) तत्काल दिन मिल्ने सूचना हो भने निवेदन पेश गरेपछि, तत्काल उपलब्ध गराउनुपर्छ। तत्काल दिन नमिल्ने सूचना भए निवेदन परेको १५ दिनभित्र उपलब्ध गराउनुपर्छ।

(ङ) नागरिकको जीउज्यानको सुरक्षाका लागि सूचना माग गरिएको भएमा निवेदन परेको २४ घण्टाभित्र सूचना उपलब्ध गराउनुपर्छ।

(च) आफ्नो कार्यालयसँग असम्बन्धित सूचना भएमा निवेदकलाई स्पष्ट जानकारी गराउनुपर्छ।

GURUBA

४. तपाईंले सूचना अधिकारीसँग सूचना माग गर्दा प्रयोग गरिने निवेदनको ढाँचा तयार गर्नुहोस्।

⇒ मैले सूचना अधिकारीसँग सूचना माग गर्दा प्रयोग गरिने निवेदनको ढाँचा तल प्रस्तुत गरिएको छ।

श्रीमान् कार्यालय प्रमुख मिति........

..........कार्यालय,

..........।

विषय: कानुन बमोजिम आवश्यक सूचना पाऊँ भन्ने बारेमा।

महोदय,

उपर्युक्त सम्बन्धमा मलाई.....प्रयोजनका लागि केही सूचना आवश्यक परेको कुरा जानकारी गराउन चाहन्छु। नेपालको संविधान, धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार मैले यो सूचनाको माग गरेको हुँ।

मलाई आवश्यक पर्ने सूचना:

१....

२....

३....

उक्त सूचनाको प्रमाणित प्रतिलिपि चाँडोभन्दा चाँडो उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु। उल्लिखित सूचना प्राप्त गर्दा लाग्ने दस्तुरको भौचर तथा रु.५ को टिकट पनि यसै निवेदनका साथ पेश गरेको छु।

निवेदक

........

नाम:

ठेगाना:

मोबाइल नं:

इमेल नं:

अति छोटो उत्तर आउने प्रश्न:

१) सदाचारको परिभाषा दिनुहोस्।
⇒ सदाचार भनेको शुद्ध आचरण हो। सदाचार व्यक्तिको अन्तरात्मामा बास बसेको यस्तो शक्ति हो, जसले व्यक्तिलाई गलत काम गर्नबाट रोक्ने कार्य गर्दछ।

छोटो उत्तर आउने प्रश्न:

१) सदाचारको परिचय दिई सदाचार जीवनपद्धतिका लागि के कस्ता सिपहरूको आवश्यकता पर्छ, लेख्नुहोस्।
⇒ सदाचार भनेको शुद्ध आचरण हो। सदाचार व्यक्तिको अन्तरात्मामा बास बसेको यस्तो शक्ति हो, जसले व्यक्तिलाई गलत काम गर्नबाट रोक्ने कार्य गर्दछ। सदाचार जीवनपद्धतिका लागि आवश्यक पर्ने सिपहरू तल उल्लेख गरिएको छ।

(क) हामीले आफ्नो अनुशासनलाई अमूल्य सम्पत्ति ठान्नुपर्छ।
(ख) इमान्दारीता सदाचारी व्यक्तिको गहना हो। यसका लागि सत्य कर्म गर्ने सिपको विकास गर्नुपर्छ।
(ग) सकारात्मक सोचले व्यक्तिलाई असल मार्गमा डोर्याउँछ। यसका लागि हामीले आफूलाई सिर्जनशील कार्यमा व्यस्त राख्नुपर्छ।
(घ) सदाचार जीवनको लागि सहयोगी भावनाको आवश्यकता पर्दछ। यसका लागि हामी निःस्वार्थी भावना भएका साथीको समूहका काम गर्न सक्छौं।
(ङ) अरूका विचार तथा भावनाको सम्मान गर्नु सदाचार जीवनको मुख्य लक्षण हो। यसैले हामीले कसैसँग पनि भेदभावपूर्ण व्यवहार गर्नुहुँदैन।

२. सदाचारले कसरी सामाजिक जवाफदेहिताको कार्यमा सहयोग पुर्‍याउँछ? सदाचार र सामाजिक जवाफदेहीको सम्बन्ध प्रस्तुत गर्नुहोस।

⇒ सदाचार भनेको शुद्ध आचरण हो। सदाचारले व्यक्तिको जीवन अनुशासित बनाउँछ साथै सदाचारले आफूले आफैंलाई नियन्त्रण गर्न सहयोग गर्छ। सामाजिक जवाफदेही भनेको असल जिम्मेवारी बहन गर्नु हो। सदाचार र सामाजिक जवाफदेहीको सम्बन्ध तल प्रस्तुत गरिएको छ।

(क) सदाचारको प्रेरणाले व्यक्ति अनुशासित बन्ने छ। अनुशासित व्यक्तिले कुनै खराब कार्य गर्ने छैन। यी दुवै क्षेत्रको कार्यबाट सदाचार र जवाफदेहीको उद्देश्य संयुक्त रूपमा पूरा भएको देखिन्छ।

(ख) सदाचारले व्यक्तिलाई सहयोगी बनाउँछ जसले गर्दा पदीय दायित्व पूरा गर्न सहयोग पुग्ने छ। यस्ता कार्यबाट सदाचार र सामाजिक जवाफदेहिताको विकासमा सहयोग पुग्ने छ।

(ग) सदाचारले सत्य र न्यायको पाठ सिकाउँछ। सार्वजनिक पदमा बसेको व्यक्तिले यही आचरणअनुसार काम गर्ने हो भने यी दुवै विषयका उद्देश्यहरू एकसाथ पूरा हुने छन्।

(घ) सदाचार र सामाजिक जवाफदेहिताको संयुक्त प्रयासबाट देशमा सुशासन कायम गर्न सकिने छ।

(ङ) विकास निर्माणका कार्य सञ्चालन गर्न, कानुनी राज्य स्थापना गर्न, आदि कार्यका लागि सदाचार र सामाजिक जवाफदेही यी दुवै विषयको खाँचो देखिन्छ।